आज मिति २०८१ चैत्र १५ गते दिउँसो १:०० बजे थलारा गाउँपालिका गाउँ कार्यपालिका अध्यक्ष श्री प्रकाश बहादुर रोकायाज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमका पदाधिकारीहरुको समुपस्थितिमा निम्नानुसारको निर्णय गरियो।

| क्र.सं | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रकाश बहादुर रोकाया | अध्यक्ष | |
| २ | राम बहादुर खाती | उपाध्यक्ष | |
| ३ | रविन्द्र जोशी | कार्यपालिका सदस्य | |
| ४ | रविन्द्र बहादुर खाती | कार्यपालिका सदस्य | |
| ५ | प्रकाश भण्डारी | कार्यपालिका सदस्य | |
| ६ | रामचन्द्र जोशी | कार्यपालिका सदस्य | |
| ७ | नर बहादुर खाती | कार्यपालिका सदस्य | |
| ८ | अनिल कुमार बिष्ट | कार्यपालिका सदस्य | |
| ९ | किस्ने सार्की | कार्यपालिका सदस्य | |
| १० | टिकाराज जोशी | कार्यपालिका सदस्य | |
| ११ | लोकेन्द्र बहादुर बिष्ट | कार्यपालिका सदस्य | |
| १२ | हेमन्ती देवी सिंह | कार्यपालिका सदस्य | |
| १३ | रम्भा देवी कामी | कार्यपालिका सदस्य | |
| १४ | सुनिता देवी गिरी | कार्यपालिका सदस्य | |
| १५ | कमला कुमारी उपाध्याय जोशी | कार्यपालिका सदस्य | |
| १६ | बिर्ख बहादुर मिजार कामी | कार्यपालिका सदस्य | |
| १७ | ज्ञानु दमाई | कार्यपालिका सदस्य | |
| १८ | प्रयाग राज पाध्या | कार्यपालिका सचिव | |

## मिति २०८१ चैत्र १५ गतेको गाउँ कार्यपालिका बैठकको निर्णयहरू

### निर्णय नं. १

पूर्व बैठकमा भएका निर्णयहरु कार्यान्वयनको समीक्षा गरियो। साथै कार्यालयको नियमित सेवाप्रवाह तथा विकासका गतिविधि सञ्चालनलाई थप प्रभावकारी बनाउन कर्मचारी प्रशासनलाई थप सक्रिय भएर लाग्न निर्देशन दिइयो।

### निर्णय नं. २

आर्थिक बर्ष २०८१।८२ को दोस्रो चौमासिक(फागुन मसान्त सम्मको) प्रगति प्रतिवेदन गाउँ कार्यपालिकामा प्रस्तुत तथा छलफल सम्पन्न भई अनुमोदन गरियो।

### निर्णय नं. ३

प्रदेश नीति तथा योजना आयोगबाट समपुरक अनुदान र विशेष अनुदान तर्फको आयोजना प्रस्ताव पेश गर्ने सम्वन्धी सूचना अनुसार आगामी आर्थिक बर्ष २०८२।८३ का लागि देहायका आयोजनाको प्रस्ताव पेश गर्ने साथै समपुरक तर्फका आयोजनाको हकमा लागतको २० प्रतिशत रकम गाउँपालिकाको स्रोतबाट वेहोर्ने प्रतिबद्धता गरियो।

समपुरक अनुदान तर्फका आयोजना:

| क स | आयोजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | सेती नदी तटवन्धन निर्माण | वडा नं ९ | |
| २ | करवीर, खापर, भगवती आवि भवन निर्माण | थलारा २ र ३ | |
| ३ | कुच श्रीजिउला मोयल सडक निर्माण | वडा नं ३, ४ | |

विशेष अनुदान तर्फका आयोजना:

| क स | आयोजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | फलफुल तथा तरकारी पकेट विकास कार्यक्रम | थलारा गाउँपालिका | |
| २ | आधारभूत स्वास्थ्य सेवाको गुणस्तर सुधार तथा पोषण कार्यक्रम | थलारा गाउँपालिका | |
| ३ | भेरा खानेपानी आयोजना थलारा ७ | थलारा ७ | |

निर्णय नं. ४

थलारा गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२।८३ को बजेट तर्जुमा देहाय बमोजिम गर्ने निर्णय गरियो।

क) स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन २०७७ को पूर्ण परिपालन हुने बजेट तर्जुमा समयतालिका अनुसार गर्ने।

ख) २०८२ बैशाख पहिलो हप्ता गैससहसँग पूर्व बजेट छलफल तथा समीक्षा गोष्ठी आयोजना गर्ने

ग) २०८२ बैशाख पहिलो हप्ता बजेट तर्जुमा तथा स्थानीय सरकार सञ्चालन सम्बन्धी पुनर्ताजकी तालिम आयोजना गर्ने।

घ) राजश्व परामर्श समितिले राजश्वको प्रक्षेपण सहितको प्रतिवेदन वैशाख ५ भित्र पेश गरीसक्ने।

ङ) स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले २०८२ वैशाख १० भित्र स्रोत अनुमान र क्षेत्रगत सीमा निर्धारण गरी आवश्यक मार्गदर्शन जारी गर्ने।

च) वडा समितिले वस्ती तथा टोल स्तरमा भेला गराई २०८२ बैशाख ३० गते भित्र वस्ती तथा टोल स्तरबाट आयोजना छनौट गरि सक्ने।

छ) २०८२ जेठ १० गते सम्म प्रत्येक वडामा जनप्रतिनिधी, सक्रिय राजनीतिक दलका पदाधिकारी, उपभोक्ता समिति, सहकारी, टोल विकास संस्था, कृषक समुह, महिला सञ्जाल, दलित, बालबालिका, शिक्षक, सञ्चारकर्मी लगायत नागरिक समाजका अगुवा तथा समाजसेवी बुद्धिजीवीवर्गहरुको सहभागितामा वडा स्तरिय पूर्व बजेट छलफल तथा राय सुझाव संकलन कार्यक्रम आयोजना गर्ने।

ज) २०८२ जेठ १० गते भित्र वडा समितिले मार्गदर्शन र सीमा भित्र रही बिषय क्षेत्रगत प्राथमिकता निर्धारण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने।

झ) २०८२ जेठ २० गते सम्म शाखा प्रमुखहरु सहितको सहभागितामा बिषयगत समितिमा छलफल गरी क्षेत्रगत प्राथमिकता निर्धारण गरी नीति तथा कार्यक्रम तयार गर्ने।

ञ) २०८२ जेठ तेस्रो हप्ता जनप्रतिनिधी, सक्रिय राजनीतिक दलका पदाधिकारी, उपभोक्ता समिति, सहकारी, टोल विकास संस्था, कृषक समुह, महिला सञ्जाल, दलित, बालबालिका, शिक्षक, सञ्चारकर्मी लगायत नागरिक समाजका अगुवा तथा समाजसेवी बुद्धिजीवीवर्गहरुको सहभागितामा वडा स्तरिय पूर्व बजेट छलफल तथा राय सुझाव संकलन कार्यक्रम आयोजना

गर्ने। इमेल, सामाजिक सञ्जाल लगायत विभिन्न माध्यमबाट बजेट सम्बन्धी छलफल तथा राय सुझाव संकलन कार्य गर्ने।

ट) २०८२ जेठ २५ भित्र गाउँसभाको अधिवेशन आह्वान गर्ने र नीति कार्यक्रम सभामा पेश गरी छलफल प्रारम्भ गर्ने।

ठ) २०८२ जेठ मसान्त सम्म बजेट तथा कार्यक्रम तर्जुमा समितिले मध्यकालिन खर्च संरचना सहितको एकीकृत बजेट तथा कार्यक्रम तयार गरीसक्ने ।

ड) २०८२ असार ५ गते सम्म मध्यमकालिन खर्च संरचना, बजेट वक्तव्य, विनियोजन विधेयक, आर्थिक विधेयक लगायत सभामा पेश गर्नुपर्ने प्रस्तावको मस्यौदा तयार गरी गाउँ कार्यपालिकामा पेश गरीसक्ने।

ढ) २०८२ असार ९ गते भित्र गाउँ कार्यपालिकाबाट मध्यमकालिन खर्च संरचना, बजेट वक्तव्य, बार्षिक विकास कार्यक्रम, विनियोजन विधेयक, आर्थिक विधेयक लगायत सभामा पेश गर्नुपर्ने प्रस्तावको मस्यौदा स्वीकृत गरिसक्ने।

ण) २०८२ असार १० गते मध्यमकालिन खर्च संरचना, बजेट वक्तव्य, बार्षिक विकास कार्यक्रम, विनियोजन विधेयक, आर्थिक विधेयक सभामा पेश गर्ने।

त) २०८२ असार २५ सम्म छलफल गरी पारित गरिसक्ने।

थ) २०८२ असार मसान्त राजपत्रमा प्रकाशन गरी बजेट पुस्तिका छपाई गराउने।

द) २०८२ श्रावण पहिलो हस भित्र अख्तियारी दिई कार्यान्वयन सुरु गर्ने।

निर्णय नं. ५

कक्षा ८ को थलारा गाउँपालिका स्तरिय बार्षिक परीक्षा, २०८१ को प्रारम्भिक समीक्षा गरियो। उक्त परीक्षामा बढीमा ३ वटा विषय सम्म अनुतिर्ण भएका परीक्षार्थीलाई पुरक परीक्षामा सहभागी हुन पाउने गरी बैशाख तेस्रो हप्ता देखि पुरक परीक्षा सञ्चालन गर्ने निर्णय गरियो।

निर्णय नं. ६

थलारा गाउँपालिकाको स्थानीय पाठ्यक्रम (हाम्रो थलारा),२०८० संशोधनका लागि गठन भएको कार्यदलले तयार गरेको संशोधन सहित शैक्षिक सत्र २०८२ देखि कक्षा १ देखि ३ सम्म संशोधित पाठ्यक्रम लागु गर्न स्वीकृत गरियो।

निर्णय नं. ७

२०७४ देखि हाल सम्मका साथै आगामी सबै गाउँ कार्यपालिकाको बैठकका निर्णयहरु डिजिटाइज गरी पारदर्शी रुपमा अभिलेख रहने गरी थलारा गाउँपालिकाको वेबसाइटमा सार्वजनिक गर्ने।